## प्रतिज्ञा ८:
## समावेशीताको सुरक्षण, लैंगिक समानता र सामाजिक न्यायको प्रत्याभूतिको प्रतिज्ञा

सामाजिक न्याय मेरो लागि केवल संरचनागत सुधार मात्र होइन, यो प्रत्येक नागरिकको “के गर्न सक्ने?” भन्ने क्षमताको वास्तविक विस्तार हो। सांसद्को रूपमा, म संसद्मा त्यस्ता कानुनहरूको वकालत गर्नेछु, जसले लैङ्गिक हिंसा र उत्पीडनविरुद्ध “शून्य सहनशीलता” अपनाउँदै बलात्कार र हिंसाका मुद्दाहरूमा तत्काल फैसलाका लागि “फास्ट-ट्र्याक” न्याय प्रणाली सुनिश्चित गरोस्। पिंक ट्याक्स (Pink Tax) जस्ता विभेदकारी कर प्रणालीको अन्त्य, साइबर अपराधविरुद्ध कडा कानुन र कार्यस्थलदेखि सार्वजनिक यातायातसम्म महिलाको सुरक्षा सुनिश्चित गर्नु मेरो नीतिगत प्राथमिकता हुनेछ। म संसद् र पार्टीका निर्णय प्रक्रियामा महिलाको कोटा मात्र होइन, अर्थपूर्ण र निर्णायक नेतृत्वको कानुनी सुनिश्चितताका लागि लड्नेछु।

अपाङ्गता भएका व्यक्तिहरूको सम्मानजनक प्रतिनिधित्व र बाधामुक्त पूर्वाधार (Accessible Infrastructure) निर्माणमा मेरो विशेष पहलकदमी रहनेछ। अपाङ्गता भएका व्यक्तिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न र सार्वजनिक भवन, यातायात तथा सञ्चार प्रविधिलाई पूर्णत: अपाङ्गता-मैत्री बनाउन आवश्यक बजेट र मापदण्ड निर्माण गर्न पहल गर्नेछु। घरमै स्वास्थ्य जाँच, नि:शुल्क सहायक सामग्रीको वितरण र जीवनचक्रमा आधारित सामाजिक सुरक्षाको ग्यारेन्टी गर्दै, म ऐतिहासिक रूपमा पछाडि पारिएका दलित, जनजाति र सीमान्तकृत समुदायका अपाङ्गता भएका व्यक्तिहरूको दोहोरो जोखिमलाई सम्बोधन गर्न नीतिगत व्यवस्था गर्न काम गर्नेछु।

मेरो सामाजिक न्यायको परिकल्पना “सुन्ने र सुनुवाइ गर्ने सरकार” मा आधारित छ। भुईं-तहका महिला र अपाङ्गता भएका व्यक्तिहरूका लागि सीपमूलक तालिम, सहुलियतपूर्ण कर्जा र बजार पहुँच पुऱ्याई उनीहरूलाई आर्थिकरूपमा स्वावलम्बी बनाउन म कटिबद्ध रहनेछु। बसाइँसराइ र जलवायु परिवर्तनले महिला तथा सीमान्तकृत समुदायमा पारेको असमान प्रभावलाई न्यूनीकरण गर्न जलवायु न्याय र प्रवासी श्रमिकको सुरक्षामा मेरो नेतृत्वदायी भूमिका रहनेछ।

## प्रतिज्ञा ९:
## सांसदको कार्यालय स्थापना गरी क्षेत्रगत मुद्दा समाधानका लागि नागरिकसँग प्रत्यक्ष संवादको प्रतिज्ञा

म काठमाडौं क्षेत्र नं. ४ मा आधुनिक र प्रविधिमैत्री सांसदको कार्यालय स्थापना गर्नेछु। यस कार्यालयले विधायकी उत्तरदायित्वलाई संस्थागत गर्दै नीति निर्माण र विकास निर्माणमा नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नेछ। सांसद्को मुख्य भूमिका आफ्नो निर्वाचन क्षेत्रको आवाजलाई संसद् र सरकारका तत् तत् निकायमा प्रभावकारी रूपमा पुऱ्याउनु र योजनाहरूको बजेटरी सुनिश्चितता गर्नु हुनेछ।

यस कार्यालय अन्तर्गत भौतिक पूर्वाधार, जनसम्पर्क, सामाजिक र स्थानीय सरकार समन्वय गरी चारवटा विशेष विभागहरू रहनेछन्, जसमा विषयविज्ञहरूको सक्रिय संलग्नता हुनेछ। यी विभागमार्फत हामीले योजनाको तर्जुमा, सरोकारवाला निकायमा ताकेता र आयोजनाहरूको अनुगमन गरी प्रतिवेदन तयार पार्नेछौं। पारदर्शिताका लागि आवधिक रूपमा नागरिक संवाद (Town Hall Meeting) आयोजना गरिनेछ, जहाँ म उपस्थित भई भए-गरेका कामको प्रगति विवरण र आगामी कार्यदिशाबारे संवाद गर्नेछु।

## प्रतिज्ञा १०:
## काठमाडौं उपत्यका विशेष साझा प्रतिज्ञा

काठमाडौं उपत्यका भौगोलिक, सांस्कृतिक र पूर्वाधारका दृष्टिले एउटै एकाई हो। यसभित्र ३ जिल्ला, १५ संघीय निर्वाचन क्षेत्र, ३० प्रदेश सभा क्षेत्र, २१ स्थानीय तह (पालिका) र करिब ४०० वडा (काठमाडौंका ३२, ललितपुरका २९ लगायत सबै पालिकाका वडा छन्। प्रशासनिक सिमाना फरक भए तापनि यहाँको खानेपानी, यातायात, फोहोरमैला र प्रदूषणको समस्या साझा छ।

**क. उपत्यका विकास प्राधिकरणको पुन:संरचना र सशक्तीकरण:** हाल रहेको काठमाडौं उपत्यका विकास प्राधिकरण (KVDA) लाई कानुनी रूपमै पुन:संरचना गरी शक्तिशाली र स्वायत्त उपत्यका रणनीतिक प्राधिकरणका रूपमा रूपान्तरण गर्न म संसद्मा पहल गर्नेछु। यसलाई केवल नक्सापास गर्ने निकाय मात्र होइन, २१ वटै पालिका, प्रदेश र संघीय सरकारबीच समन्वय गरी “एकीकृत विकास गुरुयोजना” कार्यान्वयन गर्ने र बजेट परिचालन गर्ने कार्यकारी अधिकारसम्पन्न संस्था बनाइनेछ। यसले सडक खन्ने र पुर्ने निकायगत दोहोरोपन अन्त्य गर्नेछ।

**ख. साझा यातायात र कनेक्टिभिटी (Integrated Mass Transit):** उपत्यकाको ट्राफिक जाम हल गर्न कुनै एक पालिकाको प्रयास मात्र पर्याप्त हुँदैन। १५ वटै निर्वाचन क्षेत्र र २१ वटै पालिकालाई जोड्ने गरी “साझा यातायात सञ्जाल” र विद्युतीय बस सेवाको एकीकृत सञ्चालनका लागि आवश्यक सहकार्य गर्नेछु। साथसाथै साइकल लेन, पैदलयात्री मैत्री सडक र उपत्यकाव्यापी “स्मार्ट ट्राफिक लाइट” प्रणाली लागू गरी कनेक्टिभिटीलाई आधुनिक बनाउन निर्णायक समन्वय गर्नेछु।

**ग. प्रदूषणमुक्त र हरियाली उपत्यका (Clean Air Coalition):** बागमती, विष्णुमती र धोबीखोला जस्ता नदीहरूको पुनरुत्थानका लागि उपत्यकाव्यापी एकीकृत ढल प्रशोधन प्रणाली लागू गर्न सबै जनप्रतिनिधिमूलक एवं अन्य सरोकारवाला निकायहरूसँग संवाद र सहकार्यमार्फत काम गर्नेछु। फोहोरमैला व्यवस्थापनका लागि २१ वटै पालिकाको साझा वेस्ट टू इनर्जी (Waste to Energy) प्लान्ट स्थापना गर्न र उपत्यकाको वायु गुणस्तर सुधार्न खनिज इन्धन मुक्त सार्वजनिक यातायातको साझा नीति लिइनेछ।

**घ. सांस्कृतिक र पर्यटकीय सर्किट (The Living Museum):** उपत्यकाका विश्व सम्पदा सूचीमा सूचीकृत सातै क्षेत्र र स्थानीय वहाल, पोखरी तथा मठ-मन्दिरहरूलाई जोड्ने गरी “ग्रेटर हेरिटेज सर्किट” निर्माणको पहल गर्नेछु। यसले पर्यटनलाई एक वडा वा पालिकामा मात्र सीमित नगरी समग्र उपत्यकाको आर्थिक समुन्नतिसँग जोड्नेछ।

## मेरो अन्तिम संकल्प र साझा आह्वान

“आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू,

मैले यहाँ प्रस्तुत गरेका प्रतिज्ञाहरू केवल चुनाव जित्ने नारा मात्र होइनन्, यी काठमाडौं क्षेत्र नं. ४ लाई समुन्नत र बस्नयोग्य बनाउने मेरो मार्गचित्र हुन्। हामीले लामो समय राजनीतिमा केवल “सत्ताको फेरबदल” मात्रै देख्यौं, तर अबको समय अवस्थाको फेरबदलको हो। संसद्मा मेरो उपस्थिति केवल एउटा संख्याको रूपमा हुने छैन; बरु तपाईंको हक-हितका लागि लड्ने एउटा “नीतिगत योद्धा” र तपाईंको विकासको सपनालाई साकार पार्ने एउटा कार्यकारी अभियन्ताका रूपमा हुनेछ।

मैले चाहेको शहर यस्तो हो, जहाँका स्कुलहरू स्टार्ट अप जन्माउने थलो बनून्, जहाँका अस्पतालहरू सबैका लागि सुलभ र भरपर्दो होऊन्, जहाँ हाम्रा सम्पदा र संस्कृतिले हाम्रो पहिचान जोगाइराखून् र जहाँका युवाहरूले आफ्नै कोठामा बसेर विश्व बजारमा प्रतिस्पर्धा गर्न सकून्। हाम्रो धुलो र धुवाँमुक्त काठमाडौं, प्रविधिमैत्री सेवा र भ्रष्टाचारमुक्त सार्वजनिक जीवन मेरो कार्यकालको मुख्य मानक हुनेछ।

मैले अघि सारेको “सांसद्को कार्यालय” र “नागरिक संवाद”को संयन्त्रले मलाई सधैं तपाईंको कठघरामा उभ्याइराख्नेछ। म हराउने जनप्रतिनिधि होइन, तपाईंका समस्यामा सधैं सँगै रहने र हरेक छ महिनामा आफ्ना कामको हिसाब बुझाउने सेवक बन्ने प्रतिज्ञा गर्दछु।

विकास र सुशासनको यो साझा यात्रामा तपाईंको अमूल्य साथ र विश्वासको अपेक्षा गरेको छु। आउनुहोस्, मिलेर एउटा यस्तो काठमाडौं-४ बनाऔं, जसले देशकै लागि समुन्नतिको नयाँ मानक खडा गरोस्।”

र अन्तिममा, **मेरो आइडिया अफ नेपाल यस्तो होस - “आर्थिक क्षमताअनुसार बजार होस्, सामाजिक अवस्थाअनुसार राज्यको संरक्षण होस् र सबै नागरिकको स्वतन्त्रताको संरक्षण होस्।”**

**जय नेपाल !**

सुशासन र समुन्नतिको VISION

# सचिनको जिम्मेवार प्रतिज्ञा

## ५ वर्ष,१० नतिजा



# सचिनले सोचेको नेपाल कस्तो?

आर्थिक क्षमता अनुसार बजार होस्, सामाजिक अवस्था अनुसार राज्यको संरक्षण होस् र सबै नागरिकको स्वतन्त्रताको संरक्षण होस् ।

## सचिन तिमल्सेना

**प्रतिनिधिसभा सदस्य उम्मेदवार**
**काठमाडौं क्षेत्र नं ४**

# सचिनको जिम्मेवार प्रतिज्ञा: ५ वर्ष, १० नतिजा

## प्रस्तावना

मेरो लागि राजनीति भनेको नागरिकको क्षमता विस्तार गर्ने र समान अवसरको पहुँच सुनिश्चित गर्ने उपयुक्त माध्यम हो। मेरो यो "प्रतिज्ञा पत्र" ले हरेक नागरिकलाई अधिकारसम्पन्न, सबल र प्रतिस्पर्धी बनाउने लक्ष्य राखेको छ। मेरो सिद्धान्त अटल छ: सुशासन र व्यक्तिगत स्वतन्त्रता। जब राज्यले संरचनागत अन्यायमा परेका नागरिकहरूलाई समान अवसर दिन्छन्, तब मात्र सम्पन्नता केवल नारामा सीमित रहँदैन।

म सचिन, काठमाडौं क्षेत्र नं. ४ का प्रत्येक नागरिकको मर्यादा, सुरक्षा र अवसर सुनिश्चित गर्न यो "सामाजिक अनुबन्धन" सार्वजनिक गर्दछु।

यो दस्ताबेज मेरो राजनीतिक संकल्प मात्र होइन, ५ वर्षभित्र प्राप्त हुने १० ठोस उपलब्धिका लागि मेरो "कार्य-सम्पादनको मानक" हो, जसको कसीमा मलाई सधैं जाँच्न सकिनेछ।

## प्रतिज्ञा १:
## सुशासनको प्रतिज्ञा

सुशासन केवल सदाचारको कुरा होइन, यो राज्यका संयन्त्र र नागरिकबीचको शक्ति सन्तुलन हो। एक सांसदको रूपमा, मेरो प्राथमिकता अनावश्यक तजबिजी अधिकार (Discretionary Power) कटौती गर्ने कानुनहरूको निर्माणमा हुनेछ। तजबिजी अधिकारले भ्रष्टाचारको जडलाई नै प्राहर गर्ने हुँदा म संसद्मा त्यसको नीतिगत व्यवस्थाका लागि लड्नेछु।

सरकारी सेवा डिजिटल र फेसलेस होस्, ताकि सेवा प्राप्त गर्नु नागरिकको अधिकार बनोस्, कसैको अनुकम्पा होइन।

विधिको शासनको सिद्धान्तलाई आत्मसात गर्दै नीतिगत भ्रष्टाचार रोक्न सरकारी सेवा डिजिटल र फेसलेस बनाउन मेरो पारदर्शी विधायिकी भूमिका रहनेछ। निर्वाचन क्षेत्रमा सरकारी कार्यालयहरूको सेवा प्रवाहलाई प्रभावकारी बनाउन नियमित नागरिक अडिट (Social Audit) को पद्धति बसाल्न पहल गर्नेछु।

म प्रत्येक आर्थिक वर्षमा आफ्नो कार्य-सम्पादन प्रतिवेदन सार्वजनिक गरी जवाफदेहिताको सुरुवात आफैंबाट गर्ने प्रतिज्ञा गर्दछु। सुशासनको सन्दर्भमा तपाइले उठाएका हरेक प्रश्न म संसद्सम्म पुर्याएर सरकारलाई प्रश्न गर्नेछु र तपाइँको प्रतिनिधिका रुपमा जवाफ लिएर मात्र फर्किनेछु।

## प्रतिज्ञा २:
## पूर्वाधार विकासको प्रतिज्ञा

म काठमाडौं उपत्यकाका सडक, ट्राफिक व्यवस्थापन, फुटपाथ व्यवस्थापन र अन्य वैकल्पिक यातायातका माध्यमको आवश्यक्ता पहिचान गर्दै स्थानीय तह, प्रदेश सरकार, संघ सरकारसँग आवश्यक समन्वय गरी यातायात व्यवस्थापनको मुद्धालाई उपयुक्त हल निकाल्न लागि पर्नेछु।

मेरो लक्ष्य बजेटको छरपष्ट वितरणलाई रोकी एकीकृत पूर्वाधार योजना (Integrated Infrastructure Planning) सँग जोड्दै संसद्मा सडक, ढल, खानेपानी र विद्युत प्राधिकरणजस्ता निकायहरूबीच अनिवार्य समन्वय गर्ने "पूर्वाधार समन्वय ऐन" को पैरवी गर्नेछु।

रिङरोड भित्र पर्ने सडकमा बढ्दो यातायातको आवागमनले ट्राफिक व्यवस्थापनमा समस्या छ। यसका लागि एक जना सांसदले मात्रै गरेर पुग्ने कुरा हुँदैन। समाधानको लागि समग्र रिङरोडलाई एकीकृतरूपमा उपत्यका विकास प्राधिकरण र सडक विभागले समन्वय गरी काम गर्नु पर्नेछ। म यस क्षेत्रको स्थायी बासिन्दा भएकाले रिङरोडमा दैनिकजसो नै आवतजावत गर्छु। म मात्र हैन समग्र काठमाडौंबासी नै अव्यवस्थित ट्राफिक व्यवस्थापनको भुक्तभोगी हुनुहुन्छ। सडक विस्तार गरेर मात्र हुँदैन, सडकमा पैदलयात्री, वैकल्पिक यातायातका माध्यमहरूलाई केन्द्रमा राखी ट्राफिक व्यवस्थापनको समस्या हल गर्न काम गर्नेछु।

## प्रतिज्ञा ३:
## भुमि सुधार र कृषि क्षेत्र प्रहोत्सहनको प्रतिज्ञा

**भुमि सुधार:** काठमाडौं क्षेत्र नं- ४ का कपनलगायतका ठाउँहरूमा अव्यवस्थित बसोबासको समस्या छ। यसबाट दुई किसिमका नागरिकहरु प्रभावित भएका छन्।

- **पहिलो :** भूमिहीन दलित, किसान र सुकुम्बासी नागरिकहरु,
- **दोस्रो:** आफ्नो स्थायी स्वामित्वमा भएको सम्पति यथावत राखी काठमाडौं आउनुभएका नागरिकहरु

यस समस्यालाई समाधान गर्न भूमि ऐन स्पष्ट छ। अव्यवस्थित बसोबास भएका नागरिकहरूको स्पष्ट वर्गीकरण नभएको हुँदा भूमि ऐन प्रभावकारी हुन सकेको छैन। सांसदको भूमिकामा रहेर म स्पष्ट वर्गीकरणको लागि पहल गर्नेछु।

**कृषि :** देशको ६० प्रतिशत घरधुरी जोडिएको यो पेशालाई आधुनिक बनाउन भूमि ऐन अन्तरगत रहेको भू-उपयोग सम्बन्धी व्यवस्थालाई थप स्पष्ट र कार्यान्वयनमुखी बनाउँदै खेतीयोग्य जमिनको वर्गीकरण र चक्लाबन्दी खेतीलाई प्रोत्साहन गर्नेछु। अर्गानिक उत्पादनको Nutrient–based मूल्य निर्धारण तथा Geographic Indication गरेर अन्तर्राष्ट्रिय ब्रान्डिङका लागि कानुनी आधार तयार गर्न संसद्मा भूमिका निर्वाह गर्नेछु।

## प्रतिज्ञा ४:
## स्वास्थ्य क्षेत्र सुधारको प्रतिज्ञा

स्वास्थ्यलाई संविधानप्रदत्त मौलिक हकको रूपमा पूर्ण कार्यान्वयन गर्न मेरो प्राथमिकता "बीमामा आधारित एकीकृत स्वास्थ्य प्रणाली" मा हुनेछ। संघीय संसद्मा हालको स्वास्थ्य बीमा कार्यक्रमलाई नीतिगत पुनर्संरचना गरी यसलाई झन्झटमुक्त, औषधि र उपचारको पहुँच सुनिश्चित गर्न निर्णायक पैरवी गर्नेछु।

काठमाडौं क्षेत्र नं. ४ का सबै स्थानीय तहसँग समन्वय गरी "शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र" हरूलाई थप विस्तार गर्दै आधुनिकीकरण गर्न पहल गर्ने छु। यी केन्द्रहरूलाई ठूला अस्पतालहरूसँग जोडेर आउट-रीच क्लिनिक (Outreach Clinic) को रूपमा विकसित गरिनेछ, जसले वडास्तरमा नागरिकको स्वास्थ्य लगत (Health Profile) राख्दै घर-टोलमै पुगेर परीक्षण र परामर्श सेवा प्रदान गर्नेछ। विद्यालयहरूमा स्कूल हेल्थ एम्बेस्डर (School Health Ambassador) कार्यक्रम र विद्यालय नर्शहरूलाई मानसिक स्वास्थ्य प्राथमिक उपचार (MHFA) को तालिम दिई बालबालिकाको मानसिक र शारीरिक स्वास्थ्यलाई सुरक्षित गर्न सम्पूर्ण स्थानीय तहसँग समन्वय गर्नेछु। यसका साथै, जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम र सबै नेपाली नागरिकलाई अनिवार्य स्वास्थ्य बीमामा आबद्ध गर्न प्राथमिकताका साथ काम गर्ने छु।

## प्रतिज्ञा ५:
## उद्यमशीलता र रोजगारी एवं सूचना प्रविधि विकासको प्रतिज्ञा

*काठमाडौं लगायत सातै प्रदेशका प्रमुख शहरहरूलाई डिजिटल हब र युवाहरूको स्टार्टअप गन्तव्य बनाउन मेरो विधायिकी पहलकदमी निम्न विषयमा केन्द्रित रहनेछ:*

**क. डिजिटल "नो-म्याड" गन्तव्य:** म नेपाललाई "नो-म्याड" गन्तव्यको रूपमा विकास गर्न सबै नीतिगत संरचनाहरू सिर्जना गरेर, मापदण्डहरु निर्धारण गरेर शुल्क मुक्त प्रवेषाज्ञा प्रदान गर्न पहल गर्ने छु।

**ख. आधुनिक कानुनी संरचना र नियमनकारी सुधार:** अहिलेको डिजिटल युगमा २० वर्ष पुरानो ढर्राको कानुनले चल्दैन। म संसद्मा पुगेर पुरानो विद्युतीय कारोबार ऐन, २०६३ लाई खारेज गरी आजको आवश्यकता सुहाउँदो नयाँ साइबर सुरक्षा ऐन र ई-कमर्स ऐन ल्याउन नेतृत्व लिनेछु। नयाँ काम सुरु गर्न चाहने युवालाई सुरूमै झन्झटिलो सरकारी नियमले नबाँधी उनीहरूलाई काम गरेर सिक्ने अवसर दिन नियमनकारी छुट (Regulatory Sandbox) को कानुनी व्यवस्था गर्नेछु। काम नलाग्ने पुराना कानुनहरू आफै खारेज हुने गरी स्वचालित खारेजी (Sunset Clause) को प्रावधान राखी अनावश्यक रूपमा रहेको कानुनी दोहोरोपना हटाउन काम गर्ने छु, जसले उद्यमीहरूलाई प्रक्रियागत झन्झटबाट मुक्त गरी सरकारी कार्यालयको चक्कर काट्नु पर्दैन। साथै, इन्टरनेट सेवामा विभेद नहुने गरी समान पहुँच (Net Neutrality) र सामाजिक सञ्जाललाई सुरक्षित बनाउने स्पष्ट कानुन बनाउन अग्रणी सांसद भएर उभिनेछु।

**ग. डिजिटल सुरक्षा र सार्वभौमिकता:** हाम्रो राष्ट्रिय सुरक्षा र नागरिकको गोपनीयताको रक्षाका लागि म संसद्मा डिजिटल क्रिटिकल इन्फ्रास्ट्रक्चर (Digital Critical Infrastructure) को सुरक्षा नीति र जिरो ट्रस्ट आर्किटेक्चर (Zero Trust Architecture)मा आधारित राष्ट्रिय साइबर सुरक्षा ढाँचा निर्माणका लागि नेतृत्व गर्नेछु। राज्यको पहुँचमा हुने संवेदनशील डाटा सुरक्षित राख्न र डाटा सार्वभौमिकता कायम गर्न कानुनी आधारका लागि पहल गर्नेछु। यसले नेपाललाई विश्वव्यापी सूचना प्रविधि बजारमा सुरक्षित र विश्वसनीय गन्तव्यको रूपमा स्थापित गर्नेछ।

**घ. स्टार्टअप, गिग इकोनोमी र "Skill Up" अभियान:** डिजिटल अर्थतन्त्रलाई गति दिन फ्रिल्यान्सर र स्टार्ट अपहरुका लागि ३ वर्षसम्मको करमा सहुलियत, वैदेशिक मुद्रा प्राप्तिको सरल प्रक्रिया र भुक्तानी गेटवे (Payment Gateway) को समस्या समाधान गर्न नीतिगत हस्तक्षेपको पहल गर्ने छु।

"Skill Up" कार्यक्रममार्फत काठमाडौं क्षेत्र नं. ४ का युवाहरूलाई कोडिङ, आर्टिफिसियल इन्टेलिजेन्स (AI), र साइबर सुरक्षाजस्ता विषयहरूलाई स्कूल स्तरदेखि नै STEM शिक्षाको मुख्यधारामा एकीकृत गरेर दक्ष जनशक्ति तयार गर्न नीतिगत पहल गर्ने छु। मेरो लक्ष्य यस क्षेत्रका शैक्षिक संस्थाहरूलाई उद्योगसँग जोडी "पढ्दै-कमाउँदै"को मोडेलमा स्टार्टअप इन्क्युबेसन सेन्टरहरु स्थापना गर्दै युवाहरूलाई घरमै बसेर विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने "डिजिटल उद्यमी" बनाउनु हो।

## प्रतिज्ञा ६:
## शिक्षा क्षेत्र सुधारको प्रतिज्ञा

नेपाली कांग्रेसको "सबै पढौं, संगै बढौं" को आदर्शलाई आत्मसात गर्दै, म सङ्घीय संसद्मा सङ्घीय शिक्षा ऐन र एकीकृत उच्च शिक्षा ऐन छिटो जारी गर्न निर्णायक पहल गर्नेछु। संसद्मा मेरो मुख्य भूमिका शिक्षामा बजेट वृद्धि र "अन्तर-विश( वविद्यालय क्रेडिट ट्रान्सफर" जस्ता नीतिगत बाधा हटाउनु हुनेछ। माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रमा सुदृढ गर्दै, बालबालिक( ालाई "सोच्ने, खोज्ने र सिर्जना गर्ने" बनाउन Science, Technology, Engineering, Arts, Mathematics (STEAM) शिक्षालाई समग्र शिक्षा प्रणालीको आधारका रूपमा विकास गर्न पहल गर्ने छु र सोको लागि पाठ्यक्रम विकास, शिक्षक, उपकरणलगायत आवश्यक स्रोतको व्यवस्था सुनिश्चित गर्न समेत पहल गर्ने छु।

विद्यार्थीहरुलाई केवल किताबी ज्ञानमा सीमित नराखी डिजिटल सीप, सफ्ट स्किल्स र प्राविधिक तालिममार्फत बजारको मागअनुसार दक्ष बनाउन "स्कुलदेखि स्टार्ट अपसम्म" को मोडेल लागू गरिनेछ। यस क्षेत्रका युवा र विद्यार्थीका नवीन आइडियालाई बीउ पुँजी उपलब्ध गराउन कलेज र उद्योगहरूबीचको सहकार्य (Industry–Academia Linkage) मार्फत इन्टर्नसिप र अप्रेन्टिससिपलाई कानुनी रूपमै अनिवार्य गराउन नीतिगत सुधारका लागि काम गर्नेछु।

कुनै पनि नेपालीले आर्थिक अभावका कारण उच्च शिक्षाबाट बञ्चित हुन नपरोस् भन्ने ध्येयले राज्यले सहुलियतपूर्ण दरमा ऋण उपलब्ध गर्ने र शैक्षिक अवधिभरि सोबापतको व्याज खर्च सरकारले बेहोर्ने व्यवस्था गर्न पहल गर्ने छु। शिक्षा प्रणालीलाई जवाफदेही बनाउन यस क्षेत्रभित्र रहेका विद्यालयहरुको सिकाइ उपलब्धिको डिजिटल मापन र "अनुगमन संयन्त्र"को पद्धति बसाल्न स्थानीय तह र विद्यालयहरूबीच सहकार्य गरिनेछ। सामुदायिक र संस्थागत विद्यालयहरूबीच स्रोत साझेदारीका लागि "सामुदायिक स्रोत केन्द्र" स्थापना गरिनेछ। काठमाडौं-४ बाट सुरु हुने यो शैक्षिक र सीपमूलक रूपान्तरणले समुन्नत नेपालको जग बसाल्नेछ भन्ने मेरो अटुट विश्वास छ।

## प्रतिज्ञा ७:
## धार्मिक तथा संस्कृतिक सम्पदा एवं स्वच्छ वातावरण, जलवायू न्याय र प्राकृतिक स्रोत संरक्षणको प्रतिज्ञा

### क. धार्मिक तथा सांस्कृतक सम्पदा संरक्षण र पर्यटन

कमलपोखरीलाई कङ्क्रिटयुक्त बनाउँदा त्यसविरुद्ध मैले सडकबाट गरेको नेतृत्व र नागरिक आन्दोलन यस क्षेत्रको मौलिकता जोगाउने मेरो प्रतिबद्धताको जीवन्त साक्षी हो। काठमाडौंजस्तो सांस्कृतिक शहरको सांसदका रूपमा मेरो पहिलो प्राथमिकता "सांस्कृतिक न्याय" सुनिश्चित गर्नु हुनेछ। स्थानीय भेषभुषा, रैथाने खानपान र शिल्पकलालाई पर्यटन प्याकेजको रूपमा ब्रान्डीङ गर्न पहल गर्ने छु।

पशुपतिनाथ, बौद्धनाथ, चाबहिल चन्द्रविनायक, नक्साल भगवती र लिच्छविकालीन वहालहरूको पुरातात्विक गरिमालाई अक्षुण्ण राख्न संसद्मा "एकीकृत सम्पदा संरक्षण तथा संवर्द्धन ऐन" का लागि नेतृत्वदायी भूमिका खेल्नेछु। २०७२ सालको भूकम्पपछि अधुरा रहेका पुनर्निर्माणका योजनाहरूलाई "गुरुयोजना" अनुरुप समयमै सम्पन्न गराउन र हाम्रा मूर्त-अमूर्त सम्पदा (भाषा, जात्रा, बाजागाजा र परम्परागत सीप) लाई राष्ट्रिय गौरवको रूपमा स्थापित गर्न मेरो नीतिगत हस्तक्षेप रहनेछ।

नक्साल र चाबहिलको ऐतिहासिक वैभवलाई पुन:स्थापित गर्न भगवती बहाल-नागपोखरी र चावहिल-लामपोखरी खण्डलाई हेरिटेज स्ट्रिट (Heritage Street) रुपान्तरणको कामलाई निरन्तरता दिनेछु। स्थानीय घरधनी र समुदायको अपनत्वमा बस्तीका घरहरूको मोहडालाई परम्परागत शैलीमा ल्याउन विशेष प्रोत्साहन र सहुलियतको व्यवस्था गर्न पहल गर्नेछु। हिटी, सत्तल, धर्मशाला र विहारहरूको पुनरुत्थान गर्दै यो क्षेत्रलाई लिच्छविकालीन पर्यटकीय सर्किटमा जोडेर स्थानीय अर्थतन्त्र र पर्यटनलाई एकीकृत गर्न स्थानीय सांस्कृतक संघ, संस्थाहरूसँग समन्वयकारी साझेदारी गर्नेछु।

### ख. स्वच्छ वातावरण, जलवायू न्याय र प्राकृतिक स्रोत संरक्षण

स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक हकको रक्षा मेरो प्रमुख दायित्व हुनेछ। वायु प्रदूषणले जनस्वास्थमा गम्भीर असर पारेको छ, त्यसैले यसको नियन्त्रणका लागि म संसद्मा स्पष्ट र प्रभावकारी नीतिगत हस्तक्षेप गर्नेछु। पेट्रोल- डिजेल करबाट वातावरण संरक्षण कोषमा जम्मा भएको रकम परिचालन गरी शहर-केन्द्रित प्रदूषण नियन्त्रण कार्यक्रम संचालन गर्न नेतृत्व लिनेछु। काठमाडौंलाई बस्न योग्य (Livable Kathmandu) बनाउन सार्वजनिक यातायात सुधार र विद्युतीय सवारी प्रवर्धन मेरो प्राथमिकतामा रहनेछ। क्षेत्र नं. ४ का सडकहरूलाई "साइकल लेन र पैदलयात्री मैत्री" बनाउन तथा फोहोरमैला व्यवस्थापनमा "स्रोतमा वर्गीकरण" र रिसाइकलिङ पद्धतिलाई अनिवार्य गराउन स्थानीय सरकारसँग मिलेर काम गर्नेछु। प्रदूषण अत्यधिक भएको दिनका लागि अर्ली वार्निङ स्कुल एड्भाइजरी(Early Warning School Advisory) र जनचेतनामूलक स्वास्थ्य मापदण्डहरु लागू गराई बालबालिका, जेष्ठ नागरिक र दीर्घरोगीहरूको विशेष सुरक्षा सुनिश्चित गर्न स्थानीय तह र क्षेत्र भित्रका विद्यालयहरूबीच आवश्यक समन्वय गर्नेछु। संसद्मा काठमाडौं उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई उत्तरदायी बनाउनेछु। विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहन गर्दै खनिज इन्धनमाथिको निर्भरता घटाउन र जलवायु परिवर्तनका कारण सिर्जित जोखिम न्यूनीकरण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नेछु।

हिन्दुकुश हिमालय क्षेत्रमा बढ्दो तापक्रम र त्यसले निम्त्याएको हिमपहिरो तथा जलवायु संकटविरुद्ध लड्न म एक सांसद्को रूपमा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको आवाज बन्नेछु। COP जस्ता विश्वव्यापी सम्मेलनहरूमा नेपालको नेतृत्व गर्दै, हाम्रा हिमाल जोगाउन र प्रभावित मुलुकहरूको हकहितका लागि म अग्रपंक्तिमा रहेर पैरवी गर्नेछु।